मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २१ गते बिहीबार ❑ 6 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा महानगरपालिका प्रमुख आचार्यसँग नेपालका लागि इजरायली राजदूतको भेट

पोखरापत्र संवाददाता
पोखरा, २० साउन

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग नेपालका लागि इजरायलका राजदूत श्मुलिक एरीबासले बुधबार शिष्टाचार भेट गर्नुभएको छ।



नेपालमै इजरायलको आधुनिक कृषि प्रविधि भित्र्याउने तथा पर्यटन, प्रविधि, रोजगारी र प्राविधिक ज्ञान आदान-प्रदानलाई नयाँ उचाइमा पुर्‍याउने उद्देश्य सहित पोखरा महानगरपालिका र इजरायल बीच सहकार्य विस्तार गर्ने विषयमा महत्वपूर्ण छलफल भएको छ।

भेटका क्रममा मेयर आचार्यले पोखरा महानगरपालिकाका कर्मचारी तथा प्राविधिक जनशक्तिको दक्षता अभिवृद्धिका लागि इजरायलसँग संस्थागत सहकार्य आवश्यक रहेको बताउँदै आधुनिक कृषि प्रविधि, सीप विकास, रोजगारी र प्राविधिक ज्ञान हस्तान्तरणका क्षेत्रमा साझेदारी विस्तार गर्न आग्रह गर्नुभयो। उहाँले यस्तो सहकार्यले पोखरामात्र नभई समग्र नेपालको कृषि तथा आर्थिक विकासमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। राजदूतले इजरायलको 'लर्न एन्ड अर्न' कार्यक्रम मार्फत इजरायल पुगेका नेपाली युवाले आधुनिक कृषि प्रणाली, प्रविधि र व्यवस्थापनमा उल्लेखनीय अनुभव हासिल गरिरहेको उल्लेख गर्दै इजरायलको प्रविधिमैत्री कृषि प्रणाली नेपालका लागि पनि उपयोगी हुन सक्ने धारणा राख्नुभयो। उहाँले आगामी दिनमा कृषि क्षेत्रमा थप सहकार्यको सम्भावना रहेको संकेत गर्नुभयो। भेटवार्तामा पर्यटन तथा सांस्कृतिक आदान-प्रदानलाई थप विस्तार गर्ने, पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने तथा भविष्यमा पोखरा-इजरायलबीच सिधा हवाई उडान सञ्चालनको सम्भावनाबारे समेत सकारात्मक छलफल भएको थियो। दुवै पक्षबीच प्राविधिक सहकार्य, क्षमता विकास र पारस्परिक हितका अन्य विषयमा समेत विचार आदान-प्रदान भएको थियो।

भेटमा पोखरा महानगरपालिकाकी उपमेयर मञ्जुदेवी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्याल, प्रशासन महाशाखा प्रमुख कृष्णप्रसाद तिवारी तथा महानगरको वैदेशिक विभाग समन्वय प्रमुख सुवास ज्ञवाली लगायतको सहभागिता रहेको थियो।

उहाँले आधुनिक कृषि प्रविधि, सीप विकास, रोजगारी तथा प्राविधिक ज्ञान हस्तान्तरणका क्षेत्रमा दुई देशबीच सहकार्यको सम्भावना औँल्याउँदै प्रमुख आचार्यले पोखरालाई अन्तरर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्न इजरायलसँग पर्यटन, संस्कृति र हवाई सम्पर्कका क्षेत्रमा मिलेर काम गर्न सकिने धारणा व्यक्त गर्नुभयो।

## गण्डकी प्रदेशमा रोपाइँ ९९ दशमलव ३९ प्रतिशत

पोखरापत्र संवाददाता
पोखरा, २० साउन



गण्डकी प्रदेशमा हालसम्म ९९ दशमलव ३९ प्रतिशत रोपाइँ भइसकेको छ। प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार ९३ हजार ६०६ हेक्टरमा रोपाइँ भइसकेको छ।

छिटपुटबाहेक अधिकांश क्षेत्रमा रोपाइँ सकिएको मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ शशी अधिकारीले बताउनुभयो। साउन अन्तिमसम्ममा सबै ठाउँमा रोपाइँ भइसक्ने उहाँको भनाइ छ। प्रदेशको कूल चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी करिब एक लाख हेक्टरमा धानखेती हुने गरेको छ। नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धानखेतीको क्षेत्रफल बढी छ। हिमालपारिका मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ। पछिल्लो समय प्रदेशमा रोपाइँको क्षेत्रफल भने बर्सेनि घट्दै गएको पाइएको कृषि अर्थविज्ञ अधिकारीले बताउनुभयो। चार वर्षअघि ९७ हजार ७६९ हेक्टर क्षेत्रफलमा बर्खे धान रोपिएको थियो। त्यसपछिको वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टरमा समेटियो। गत आवमा ९४ हजार १८२ हेक्टरमा रोपाइँ भएको थियो। जग्गा खण्डीकरण, बाँझो छाड्ने प्रवृत्ति र खेतीयोग्य जमिनमा बस्ती विस्तार तथा पूर्वाधार विकासले धानखेतीको क्षेत्रफल घट्दै गएको पाइएको हो। गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिँदैआएको छ। गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानखेतीको पकेट क्षेत्र हुन्।

यस्तै पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायत क्षेत्रलाई धानका लागि पकेट क्षेत्र तोकिएको छ।

## फिर्केखोलाका अनधिकृत संरचना भदौ १५ भित्र हटाउन निर्देशन

पोखरापत्र संवाददाता
पोखरा, २० साउन

पोखरा महानगरपालिकाले फिर्केखोलाको खोलाघरभित्र बनाइएका सबै संरचना आगामी भदौ १५ गतेभित्र अनिवार्य रूपमा हटाउन सम्बन्धित व्यक्ति तथा संस्थाहरूलाई निर्देशन दिएको छ।

बुधबार सार्वजनिक सूचना जारी गर्दै तोकिएको समयसीमाभित्र संरचनाहरू नहटाए महानगर आफैँले प्रचलित कानुनअनुसार हटाउने र सोबापतको खर्चसमेत सम्बन्धित पक्षबाट असुल गरिने जनाएको छ। महानगरले फिर्के खोलाको क्षेत्रमा पर्ने आठ वटै वडाका वडाध्यक्षहरूको बैठक बसी खोला घरभित्रको पछिल्लो अवस्थाको स्थलगत अध्ययन गरी पूर्ण विवरणसहितको प्रतिवेदन सात दिनभित्र पेश गर्न प्राविधिक तथा नगर प्रहरीलाई जिम्मेवारी दिइएको जनाएको छ। पोखरा-१८ को अँधेरीकुनादेखि सुरु भई वडा नम्बर २, ४, ५, ७, ८, १७ हुँदै वडा नम्बर ६ गाईघाट पुगेर फेवातालमा मिसिने फिर्केखोलाको क्षेत्र अतिक्रमण गरी भौतिक संरचना निर्माण गरिएका छन्। खोलाघर क्षेत्रमा मापदण्ड मिचेर बनाइएका केही ठूला संरचना गत जेठमा महानगर आफैँले डोजर लगाएर हटाए पनि अन्य संरचना अझै यथावत छन्। केही घरधनी र संस्थाहरूले मौखिक प्रतिबद्धताअनुसार संरचना नहटाएकामा ध्यानाकर्षण भएको जनाउँदै कबुल गरेबमोजिम संरचना हटाउन महानगरले सार्वजनिक सूचनामार्फत आग्रह गरेको हो। घरधनी र संस्थाहरूको आग्रह र मौखिक प्रतिबद्धताअनुसार संरचना हटाउन केही समय दिइए पनि खोलाघरभित्रका अनधिकृत संरचना हटाउने अभियान जारी रहेको महानगरले स्पष्ट पारेको छ। समय उपलब्ध गराउँदासमेत हालसम्म प्रतिबद्धताबमोजिम संरचना नहटाइएकामा महानगरले आपत्ति जनाएको छ। वर्षायामका कारण डोजरलगायत ठूला उपकरण परिचालन गर्न व्यावहारिक कठिनाइ भइरहेकाले तत्काल संरचना हटाउन केही असहजता रहेको महानगरले जनाएको छ।

फिर्केखोलाको संरक्षण र विकास गर्दै वातावरण तथा पर्यावरणमैत्री पोखरा निर्माण गर्ने अभियानमा हातेमालो गर्न महानगरले सबैमा आग्रहसमेत गरेको छ। फिर्केखोला खोलाघरमा निर्मित सबै संरचना हटाइ पैदलमार्ग र साइकल लेनसहितको फिर्केखोला करिडोर निर्माण गर्ने महानगरको योजना छ।

महानगरको भवन तथा पूर्वाधार निर्माण मापदण्ड-२०८० (दोस्रो संशोधन २०८२) बमोजिम मापदण्ड कार्यान्वयन गर्दै अगामी असोज १ गतेदेखि करिडोर निर्माणको प्रक्रिया सुरू गरिने जनाइएको छ। बढ्दो अतिक्रमण, प्रदूषण, फोहरमैला व्यवस्थापनमा भएको कमजोरी, योजनाविहीन सहरीकरण तथा नियमनमा भएको लापर्वाहीले फिर्केखोलाको प्राकृतिकस्वरूप र अस्तित्वमाथि नै चुनौती थपिएकामा संरक्षणकर्मीले चिन्ता व्यक्त गर्दै आएका छन्।

## पदयात्रामा गएका तीन युवक सम्पर्कविहीन

पोखरापत्र संवाददाता
पोखरा, २० साउन

मर्दी हिमाल पदयात्राबाट फर्कने क्रममा कास्कीको पोखरा महानगरपालिका-१४ का अजित जिसी, युकेश गुरुङ र दीपेश गुरुङ सम्पर्क विहीन भएका छन्।

माछापुछ्रे गाउँपालिका-९ बादलडाँडा नजिकको जङ्गलमा बाटो बिराएर अलपत्र परेको हुन सक्ने आशङ्का गरी प्रहरीले खोजी कार्य तीव्र पारेको जनाएको छ।

य ु व क ह रु क ा े मोबाइल बन्द रहेको माछापुछ्रे-६ भैँडाबारीस्थित अस्थायी प्रहरी पोष्टका प्रहरी हवल्दार जीवन बरालले जानकारी दिनुभयो।

"मर्दी हिमालको हाइ क्याम्पबाट फर्कने क्रममा बाटो बिराएर जङ्गलमा अलपत्र परेको भन्ने सूचनापछि बिहानैदेखि खोजीकार्य भइरहेको छ", उहाँले भन्नुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं**

◆ इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
◆ निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
◆ बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
◆ धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
◆ इलेक्ट्रिक चुरोटको प्रयोग र लतवाट बचौं,
◆ परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## कांग्रेसको नीति प्रतिष्ठानमा थप छ उपसमिति गठन

पोखरापत्र संवाददाता
पोखरा, २० साउन

नेपाली कांग्रेसले पार्टीको नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमा विभिन्न थप छ उपसमिति गठन गरी संयोजक तोकेको छ।

कांग्रेसका उपसभापति एवं नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माको अध्यक्षतामा सम्पन्न बैठकले आज सो निर्णय गरेको हो। बैठकले अन्तरराष्ट्रिय सम्बन्ध, समन्वय एवं सामयिक दृष्टि उपसमितिको संयोजकमा सुमित शर्मा, उपभोक्ता अधिकार, अवस्था र न्याय समन्वय उपसमितिको संयोजकमा कैलाश केसी, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकसम्बन्धी नीति तथा कार्ययोजना उपसमितिको संयोजकमा प्रतीक्षा चापागाईंलाई जिम्मेवारी तोकेको छ। यसैगरी ज्येष्ठ नागरिक सेवा एवं गरिमा उत्थान उपसमितिको संयोजकमा अनुपा श्रेष्ठ, सीमान्तीकृत वर्ग र समुदायः संवाद र सशक्तीकरण उपसमितिको संयोजकमा नरेन्द्र पासवान र स्थानीय तह सुशासन अध्ययन, अनुगमन तथा नीतिगत सुधार उपसमितिको संयोजकमा डोलराज भुसाललाई जिम्मेवारी तोकिएको पार्टी कार्यालयले जनाएको छ।

बैठकले प्रतिष्ठान प्रमुखले पार्टी सभापतिसँगको परामर्शमा हालसम्म गठन भएका उपसमितिहरूलाई आवश्यक सहजीकरण गर्न पार्टी केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरूलाई जिम्मेवारी प्रदान गरिएको छ। प्रतिष्ठानअन्तर्गत हालसम्म ३१ उपसमिति गठन गरिएको पार्टीको कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो।

# गण्डकी प्रज्ञा प्रतिष्ठानमा 'न्यूरो आर्ट' कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

गण्डकी प्रज्ञा प्रतिष्ठानले मानसिक स्वास्थ्य, सिर्जनशीलता र सांस्कृतिक चेतनालाई प्रवर्द्धन गर्ने उद्देश्यले बुधबार पोखरामा 'स्नायू स्वास्थ्य (न्यूरो आर्ट) कार्यशाला' आयोजना गरेको छ।

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा न्यूरो आर्टमार्फत व्यक्तिको मानसिक स्वास्थ्य, आत्मविश्वास र सिर्जनात्मक क्षमताको विकासमा जोड दिइएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुरुङले न्यूरो आर्ट केवल कलासँग सम्बन्धित विषय मात्र नभई मन, मस्तिष्क र समाजलाई सकारात्मक दिशातर्फ डोर्‍याउने प्रभावकारी माध्यम भएको बताइन्। उनले यस्ता कार्यक्रमले मानसिक स्वास्थ्य सुदृढ बनाउन, सिर्जनशीलता अभिवृद्धि गर्न र व्यक्तिको आत्मविश्वास बढाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिन्। उनले प्रतिभाको विकास, संस्कृति संरक्षण तथा सृजनात्मक समाज निर्माणमा यस्ता कार्यक्रम प्रभावकारी हुने उल्लेख गर्दै मन्त्रालयबाट आवश्यक सहयोग निरन्तर रहने प्रतिबद्धता जनाइन्। कार्यक्रममा




बोल्दै प्रतिष्ठानका कुलपति प्रा. डा. कुशुमाकर न्यौपानेले प्रतिष्ठानले अब भाषिक शुद्धता अभियानलाई प्राथमिकतामा राख्ने जानकारी दिए। उनले विद्यालयका शिक्षक, प्राध्यापक, पत्रकार तथा लेखनसँग सम्बन्धित सबै वर्गमा भाषिक सचेतनाको कमीका कारण आमजनताले दुःख पाएको उल्लेख गर्दै त्यसलाई सुधार गर्न प्रतिष्ठानले 'शुद्ध बोल्छ गण्डकी, शुद्ध लेख्छ गण्डकी' अभियान सञ्चालन गर्न लागेको बताए।

उनका अनुसार यही साउन २९ गते 'भाषिक त्रुटि पहिचान र निराकरणका उपाय' विषयक गोष्ठी आयोजना गरिनेछ, जसको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्रीले गर्ने कार्यक्रम रहेको छ। त्यसपछि प्रदेशका सबै ११ जिल्लामा यस्ता कार्यक्रम सञ्चालन गरिने उनले जानकारी दिए। अभियानले पत्रकार, लेखक तथा कलमजीवीलाई भाषिक त्रुटिबाट सचेत गराउँदै आमसञ्चार र लेखनलाई थप प्रभावकारी बनाउने विश्वास उनले व्यक्त गरे। कुलपति न्यौपानेले अनुसन्धानलाई पनि प्रतिष्ठानले विशेष प्राथमिकता दिएको उल्लेख गर्दै अनुसन्धानकर्तालाई आवश्यक तालिमबिना फिल्डमा पठाउन नहुने धारणा राखे। उनले फोटोग्राफी, भिडियोग्राफी तथा अनुसन्धानका विधि र मापदण्डबारे प्रशिक्षण दिएपछि मात्रै अनुसन्धान कार्य प्रभावकारी हुने बताए। उनका अनुसार यस वर्ष गण्डकी प्रदेशका कोट, गुठी, मठमन्दिर, लोकमन्त्र, लोकविश्वास, जडीबुटी, वनस्पति, परम्परागत खानपान लगायतका विषयमा विभिन्न गोष्ठीपत्र तयार गरिनेछ। आगामी वर्ष अनुसन्धान पद्धतिबारे विस्तृत छलफल गरी अनुसन्धानकर्तालाई व्यवस्थित रूपमा अनुसन्धानमा परिचालन गरिने योजना पनि उनले सार्वजनिक गरे। कुलपति न्यौपानेले गण्डकी प्रदेशको परम्परागत ज्ञानलाई समेटेर ६० देखि ७० वटा ग्रन्थ प्रकाशन गर्ने लक्ष्य रहेको जानकारी दिँदै यही महिनाभित्र पत्रकार सम्मेलनमार्फत प्रतिष्ठानको विस्तृत कार्ययोजना सार्वजनिक गरिने बताए। उनले न्यूरो आर्ट कार्यशालाले कला र सिर्जनात्मक गतिविधिप्रति थप उत्साह जगाएको उल्लेख गर्दै कम लागतमा समेत प्रभावकारी कार्यक्रम सञ्चालन गर्न सकिने भएकाले प्रतिष्ठानले त्यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए। कार्यक्रममा प्रतिष्ठानका उपकुलपति शंकर विरही गुरुङले स्वागत मन्तव्य राखेका थिए भने सदस्य सचिव मनकुमार श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए।

कार्यशालामा डा. निर्मल लामिछाने मुख्य प्रशिक्षकका रूपमा रहेका थिए। साथै कार्यक्रम संयोजक तथा प्रतिष्ठानका प्राज्ञ बाबुराम बस्ताकोटी र पोखरा प्रज्ञा प्रतिष्ठानका प्राज्ञ हरेराम जोजिजुले सहजीकरण गरेका थिए। कार्यक्रममा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका शिक्षा तथा संस्कृति महाशाखा प्रमुख घनश्याम पौडेल, मन्त्रालयका कर्मचारी, गण्डकी प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा सदस्य, पोखरा प्रज्ञा प्रतिष्ठानका प्राज्ञ तथा न्यूरो आर्टप्रति रुचि राख्ने विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो।

# १५ वर्षमा बन्यो चापाकोट-रामपुर जोड्ने पुल

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २० साउन

स्याङ्जाको चापाकोट र पाल्पाको रामपुरमा दुई प्रदेश जोड्ने गरी ट्रस (ब्रिज) पुल निर्माण भएको छ। चापाकोट नगरपालिका-८ दामाचौर र रामपुर नगरपालिका-६ प्याकलुकमा कालीगण्डकी नदीमाथि गण्डकी र लुम्बिनी दुई प्रदेश जोड्ने गरी मोटरेबल ट्रस पुल निर्माण भएको हो।

तीन वर्षमा सक्ने गरी सुरु गरिएको पुल आयोजनामा प्राविधिक समस्या उत्पन्न भएसँगै १५ वर्षपछि निर्माण कार्य पूरा भएको छ। सडक डिभिजन कार्यालय पाल्पाका अनुसार २०६८ असार २६ गते एमएस इलाइट-एसबिए जेभी, कपन काठमाडौंसँग १५ करोड ६८ लाख १३ हजार २६६ रुपैयाँको लागतमा २०७१ जेठभित्र पुल निर्माणको काम सक्नेगरी सम्झौता भएको थियो।

सुरुमा वेल फाउन्डेसन डिजाइनअनुसार निर्माणाधिन ट्रस पुल नदीका दुवै किनारमा पिल्लर निर्माण गरिएको थियो। निर्माणकै क्रममा नदीको बीच भागमा समस्या देखिएपछि



काम रोकिएको कम्पनीले जनाएको छ। डिजाइनअनुसार १५-१५ मिटर गहिराइसम्म वेल फाउन्डेसन पुर्‍याउनुपर्ने भए पनि करिब पाँच मिटरमै चट्टान भेटिएपछि सोही डिजाइनअनुसार निर्माण सम्भव नभएको भन्दै निर्माण कम्पनीले काम स्थगित गर्दै आएको थियो।

पुल निर्माण रोकिएपछि भौतिक पूर्वाधार मन्त्रालयको पुल महाशाखाले २०७८ सालमा पुरानो डिजाइन परिवर्तन गरेको हो। वेल फाउन्डेसनको सट्टा महाशाखाले पाइल फाउन्डेसनमा पुल निर्माण गर्ने डिजाइन गरेपछि पुल निर्माणले गति लिएको थियो। नयाँ डिजाइन स्वीकृत भएपछि निर्माणको जिम्मेवारी पुनः सोही निर्माण कम्पनीलाई दिएसँगै निर्माण कार्य सम्पन्न भएको छ।

सडक डिभिजन कार्यालय पाल्पाका निमित्त प्रमुख पवित्रमणि आचार्यका अनुसार निर्माण कम्पनीलाई आठौँ पटक थपिएको म्याद साउन ३० गते सकिनेमा कम्पनीले दिनअघि नै पुलको निर्माण कार्य सकेको छ। डिजाइन परिवर्तन गर्दै झण्डै १५ वर्षपछि पुल निर्माण हुनुलाई कार्यालयले ठूलो उपलब्धी मानेको आचार्यले बताए।

तीन स्पानमा निर्माण गरिएको पुल १८१ मिटर लामो र ११ मिटर चौडा रहेको छ। आचार्यका अनुसार डिजाइन परिवर्तन गर्नुपर्दा आयोजनाको लागत झण्डै २२ प्रतिशत बढेको छ। तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको पुल १५ वर्षमा सकिँदा लागत बढेर भ्याटसहित २१ करोड ६२ लाख ६१ हजार ३६८ रुपैयाँ पुगेको छ। डिजाइनमा समस्या देखिदा सरकारलाई झण्डै ६ करोड रुपैयाँ क्षति पुगेको छ।

निर्माण कम्पनीका प्रतिनिधि श्याम केसीले प्रारम्भिक डिजाइन असफल हुँदा लामो समय आयोजना रोकिएको बताए। आयोजना रोकिदा कम्पनीले करिब ७ करोड रुपैयाँ बराबरको क्षति व्यहोर्नुपरेको उनको दाबी छ। कम्पनीले ढिलाइ गरेको भए दण्डित गरिन्थ्यो। तर सरकारी निकायबाटै डिजाइनमा गडबढ भएपछि क्षतिपूर्तिका लागि कसलाई गुहार्नु उनले दुःखेसो गरे।

पुल सञ्चालनमा आएसँगै स्याङ्जा र पाल्पाबीचको आवागमन सहज भएको छ। साथै पाल्पाको सिमा क्षेत्र तराइको भू-भागबाट सिधै ज्याग्दीखोला करिडोर र आँधीखोला करिडोर हुँदै पर्वत तथा मुक्तिनाथसम्म पुग्ने मार्गलाई थप सहज बनाएको छ। दक्षिण र उत्तर क्षेत्रलाई सम्पर्क विस्तारमा समेत पुल महत्वपूर्ण पूर्वाधारका रूपमा रहने अपेक्षा

# शितलादेवी माविको शिक्षक अभिभावक संघको अध्यक्षमा रामराज सुवेदी

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

शितलादेवी सामुदायिक माध्यमिक विद्यालयमा हालै भएको अभिभावक भेलाले शिक्षक अभिभावक संघको अध्यक्षमा राम राज सुवेदी चयन गरेको छ।

समितिको सदस्यहरुमा स्वस्तिका कोइराला, टेकनाथ बराल, सरुना तिमिल्सिना, पूजा



ढकाल, शर्मिला बास्तोला, अम्बिका गौतम र बुद्ध कार्की रहेका छन्।

नयाँ समिति व्यवस्थित बनाउन एक सहयोग समिति गठन गरिएको थियो। पोखरा महानगरपालिका शिक्षा महाशाखाका वरिष्ठ शिक्षा अधिकृत कृष्णप्रसाद भण्डारी सो समितिको संयोजक थिए। सहयोग समितिमा वडा नम्बर १२ का वडा अध्यक्ष सन्तोष बास्तोला र प्रधानाध्यापक बाबुराम अधिकारी सदस्य थिए। विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष टिकाबहादुर कार्कीको अध्यक्षतामा कार्यक्रम भएको थियो।

कार्यक्रममा वडा नम्बर १२ का वडा अध्यक्ष सन्तोष बास्तोला कार्यक्रममा प्रमुख अतिथि रहेका थिए।



स्ट्यान्ड अप प्याडल बोर्डबाट ताल घुम्दै पर्यटक : पोखरास्थित फेवातालमा सञ्चालित स्ट्यान्ड अप प्याडल बोर्डबाट ताल घुम्दै पर्यटक। पछिल्लो समय युवा पुस्तामाझ 'स्ट्यान्ड अप प्याडल बोर्ड' आकर्षण बढ्दै गएको छ।    तस्बिरः राम थापा/रासस

# नवौं स्थापना दिवसमा जिसस कास्कीको निबन्ध प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

जिल्ला समन्वय समिति कास्कीले आफ्नो नवौं स्थापना दिवसका अबशरमा निबन्ध प्रतियोगिता सम्पन्न गरेको छ।

कास्की जिल्लाको सन्तुलित बिकासमा जिल्ला समन्वय समितिको भुमिका शिर्षकमा आयोजित निबन्ध प्रतियोगितामा कास्कीका विभिन्न बिद्यालयका कक्षा सातमा अध्ययनरत १२ विद्यार्थीहरूले सहभागीता जनाएका थिए।

प्रतियोगितामा मर्निङ स्टार बोर्डिङ स्कुलका सक्षम अधिकारी ले प्रथम स्थान हासिल गरे। त्यसै गरि सृजना मा बि का आयुष पौडेल द्वितीय, रेन्बो एकेडेमी होम्सका एन्जि भुजेल तृतीय, र बिन्देश्वरी मा.बि.पोखरा १९ का एलिया अधिकारीले सान्त्वना स्थान प्राप्त गरे। उनीहरुले क्रमश नगद रू दस हजार, सात हजार, पाँच हजार र दुई हजार पाँच सय पुरस्कार र प्रमाणपत्र प्राप्त गरे। प्रतियोगितामा प्राध्यापक डा. बोधराज ढकाल, प्रदिप पौडेल र लक्ष्मु शर्मा निर्णायक रहेको जिसस कास्कीले जनाएको छ। प्रतियोगितामा बिजयी बिद्यार्थीहरूलाइ जिसस कास्कीका प्रमुख लिलाधर पौडेल,उप प्रमुख सरिता माल, जिसस सदस्यहरू



र जिल्ला समन्वय अधिकारी नवराज बराल सहितले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

सो अबसरमा प्रमुख पौडेलले जिल्ला समन्वय समितिको काम कर्तब्यका सन्दर्भमा नेपाल सरकारले सामाजिक अध्ययन बिषयको कक्षा सातमा सो बिषय पाठ्यक्रममा समाबेश भएको प्रसङ्ग उल्लेख गर्नुभयो। जिससको स्थापना दिवसमा निबन्ध प्रतियोगिता आयोजना गरिएको उल्लेख गर्दै यस्ता प्रतियोगिता बिद्यार्थीको अन्तर्निहित क्षमताको प्रष्फुटनमा सहायक हुने उल्लेख गर्नुभयो।

स्थापना दिवस कार्यक्रममा जिसस कास्कीका पूर्ब प्रमुख बैन बहादुर अधिकारी क्षेत्री, गाउँपालिका महासंघ गण्डकीका अध्यक्ष नवराज ओझा, रेडक्रस कास्कीका सभापति उर्मिला खड्का, नागरिक समाजका संयोजक राम बहादुर पौडेल, साबिक जिबिस कास्कीका सभापति पुण्य प्रसाद पौडेल, उपसभापति श्रीनाथ बराल, लेखनाथ उद्द्योग बाणिज्य संघका अध्यक्ष जानुका अधिकारी, जिसस कास्कीका पूर्ब उप- प्रमुख सावित्री तिमिल्सिना, नेपाली कम्युनिस्ट पार्टी कास्कीका संयोजक खड्ग हमाल, राष्ट्रिय स्वतन्त्र पार्टी कास्कीका उपाध्यक्ष चिन बहादुर गुरुङ, शिक्षा बिकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराल, पोखरा महानगर पालिकाका प्रमुख कार्यकारी अधिकृत मुक्तिराम अर्याल सहितले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। जिसस कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न स्थापना दिवस समारोहमा स्वागत उप-प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नु भएको थियो।

# विदेशबाट फर्कने नेपालीलाई अपरिचित व्यक्तिका सुन तथा बहुमूल्य वस्तु नल्याउन आग्रह

**रासस**
काठमाडौं, २० साउन

सरकारले विदेशबाट नेपाल आउने नेपालीलाई अपरिचित व्यक्ति, दलाल वा अन्य व्यक्तिको प्रलोभनमा परी सुन, बहुमूल्य धातु तथा अन्य सामान नेपाल नल्याउन विशेष आग्रह गरेको छ।

नेपाल प्रहरी त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयले विशेष अनुरोध जारी गर्दै विगत केही दिन यता दुबइ, कतारलगायत मुलुकमा काम गरी स्वदेश फर्कने केही नेपालीलाई अपरिचित व्यक्ति, दलाल तथा अन्यले आर्थिक प्रलोभनमा पारेर सुनका बिस्कुट, बहुमूल्य धातु तथा अन्य सामान नेपाल पठाउने गरेका बताइको छ। उक्त कार्यालयले यस्ता कार्य कानूनविपरीत हुने तथा यस सम्बन्धमा विमानस्थल सुरक्षा कार्यालयले अनुसन्धान तथा कानुनी कारबाही गरिरहेको जनाउँदै अवैध ओसारपसारमा संलग्न भएमा कारबाही हुने चेतावनी दिएको छ।

कार्यालयले अपरिचित व्यक्ति, दलाल वा अन्य कसैको प्रलोभनमा परी सुन, बहुमूल्य धातु वा अन्य सामान नेपाल नल्याउन, आफ्नो सामान तथा झोलामा भएका वस्तुको वास्तविक विवरणको जानकारी राख्न, खरिद बिल तथा आवश्यक कागजात सुरक्षित राख्न, भन्सारसम्बन्धी प्रचलित कानुनको पालना गर्न तथा दलालको प्रलोभनबाट टाढा रहन आग्रह गरेको छ। साथै, विमानस्थलमा कुनै शङ्कास्पद गतिविधि वा प्रलोभनसँग सम्बन्धित सुरक्षा जोखिम देखिए तत्काल सुरक्षा निकायलाई जानकारी गराउन पनि कार्यालयले अनुरोध गरेको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# ग्यास वितरण प्रणाली पारदर्शी बनाऊ

नागरिकलाई लाइनमा नबसी सेवा दिने उद्घोष गरेको बालेन्द्र शाह सरकारको भनाइ र गराइमा फरक छ । नेपालका हरेक शहर र बजारमा अहिले जनताको भिड देखिन्छ । त्यो भिड देश बनाउन होइन खाना पकाउने ग्यास पाउनका लागि । दुई तिहाईको सरकारले जनतालाई आशावादी बनाउन सकेन । युवाले नेतृत्व गरेको सरकारले हरेक वर्ग, समुदाय र पेसाका देश विकास हुन्छ भन्ने विश्वास दिलाउन नसक्नु विडम्बना हो । सरकारले सय दिनको कार्यसूचीमै सार्वजनिक सेवालाई लाइनबाट अनलाइनमा ल्याउने दाबी गरेको थियो । तर अवस्था भने ठिक उल्टो छ । सरकारी निकायदेखि सडकसम्मै सामान्य कामका लागि पनि नागरिकहरू लाइन बस्न बाध्य छन् । राहदानी विभाग होस् या सरकारी अस्पताल, जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीका लाइन देखिन्छ ।

कर बुझाउन, श्रमस्वीकृती लिन अनलाइनबाट सकिने वाचा प्रचारमा सिमित छ । खाना पकाउने ग्याँसको डिलर अगाडि २०७२ को नाकाबन्दीको झल्को दिनेगरी लाइन देखिन थालेको छ । पोखरामा ग्याँस सिलिन्डरको लाइन हेर्दा बाह्र वर्षपछि खोलो फर्कन्छ भने जस्तै भएको छ । सरकार भन्छ चाहिए जति ग्याँस छ। तर उपभोक्ताले ग्याँस नपाएको गुनासो गरिरहेका छन् । आखिर झूट कसले बोलिरहेको छ ? ग्यास पाउन पहुँचवाला हुनुपर्ने भएको छाकाम गरेर खाने वर्गले हैरानी व्यहोर्नुपरेको छ । अमेरिका, इजरायल र इरानबीच तनाव बढेसँगै विश्वभरै इन्धनको अभाव सुरु भयो । भाउ आकासियो । पेट्रोल, डिजेल अनि खाना पकाउने ग्याँसमा पुरै पर निर्भर रहेको नेपाल त्यसको असरबाट जोगिने कुरै भएन। नेपालमा इन्धनको भाउ आकासियो । २०८२ फागुन २९ बाट खाना पकाउने ग्याँस आधा सिलिन्डरमा झर्यो । केही अभाव नदेखिएको हैन, तर बजारमा हाहाकारै मच्चिने गरी अभाव भने देखिएको थिएन। अहिले पनि इरान र अमेरिकाबिच बेलाबखतमा तनाव बढिरहेको छ। तर प्रारम्भिक तनावको तुलनामा अहिले अवस्था जटिल छैन । आकासिएको इन्धनको भाउ घट्नुपर्नेमा झन बढ्नु सरकार जनताको समस्याप्रति गम्भीर नहुनु हो । सरकारले असार ३१ बाट आधा सिलिन्डरको निर्णय हटाउँदै पुरै सिलिन्डर ग्याँस वितरण गर्ने निर्णय समेत गरिसक्यो ।

तर साउन दोस्रो साताबाट ग्याँस डिपो अगाडि भारतले २०७२ मा नाकाबन्दी लगाउँदाताकाको जस्तै खाना पकाउने ग्याँसको लाइन देखिनु जनतालाई बुझाउन नसक्नु हो । नयाँ सरकारप्रति जनताको विश्वास हराउँदै जानु हो । बजारमा ग्याँसको अभाव कसरी भयो ? कारण प्रस्ट खुल्दैन। सरकार अभाव नरहेको दाबी गर्दै उद्योगी, विक्रेतालाई यो अभावको दोष दिइरहेको छ । बजारको माग भन्दा बढी ग्याँस आयात भइरहेको नेपाल आयल निगमको भनाइमा जनता आश्वस्त हुन नसक्नु हो । नेपाल आयल निगमको तथ्याङ्क अनुसार नेपालमा मासिक औसत ४७ हजार टन ग्यास खपत हुने गरेको छ । निगमको गत वर्षको साउनको तथ्याङ्क अनुसार ४४ हजार ३ सय १८ मेट्रिक टन ग्याँस विक्री भएको थियो । बजारको अवस्था सामान्य थियो । निगमका अनुसार यो वर्षको साउन १ देखि १५ गतेसम्म २६ हजार मेट्रिक टन एलपी ग्यास बिक्री भएको छ । ४७ हजार माग भए पनि अहिले मासिक ५० हजार टनभन्दा बढी आयात भइरहेको निगमको दाबी सत्य हो भने अहिले उपभोक्ताको माग भन्दा तीन हजार टन बढी खाना पकाउने ग्याँस आयात भइरहेको देखिन्छ । तर बजारको दृश्य फरक देखिनुको कारण खोजिनुपर्छ ।

निगमका प्रवक्ता मनोज ठाकुरले ग्यासको आयात नियमित भइरहेको दाबी गर्दै आपूर्तीमा देखिएको समस्या समाधान गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल आयल निगम, उद्योग विभाग तथा ग्यास उद्योगका प्रतिनिधिको संलग्नतामा टोली गठन गरिएको जिकिर छ । ग्याँसको अभाव देखिएकोबारे उद्योगी र विक्रेताहरूको तर्क भने अलग छ । ग्याँस विक्रेता संघको दाबी अनुसार ग्याँसको अभाव छैन । तर घरमा भरी सिलिन्डर हुँदाहुँदै पनि अभाव हुनसक्ने भयले उपभोक्ताले सञ्चिति गरिदिँदा बजारमा अभाव देखिएको भन्दै उल्टो उपभोक्तालाई दोष दिइरहेका छन् । सत्तारूढ रास्वपाका कार्यकर्ता वितरण प्रणालीमा सुधार गर्न नलागी उपभोक्तालाई दोष दिनु "नाच्न जान्दैन, आँगन टेडो" भने जस्तै हो । उपभोक्ताहरू रित्तो सिलिन्डर बोकेर सडक किनारमा लाइन बस्न रहरले आएका होइनन् । जनतालाई आश्वस्त पार्न पारदर्शी वितरण प्रणाली हुनुपर्छ । स्थानीय टोल विकास समिति र वडाको रेखदेखमा वितरण हुन्छ भन्ने विश्वास दिलाउनु आवश्यक छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नेपाल-कोरियाबीच सम्पर्क विस्तारमा परराष्ट्रमन्त्रीको जोड

**रासस**
काठमाडौं, २० साउन

परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल र दक्षिण कोरियाबीच हवाई सम्पर्क, व्यापार, पर्यटन, शिक्षा, प्रविधि तथा जनस्तरको सम्बन्धलाई अझ विस्तार गर्नुपर्नेमा जोड दिनुभएको छ ।

आफ्नो तीनवर्षे कार्यकाल पूरा गरी स्वदेश फर्कन लाग्नुभएका उक्त मुलुकका राजदूत पार्क तेयोङसँग आज आफ्नै कार्यकक्षमा भएको बिदाइ भेटमा उहाँले दुई देशबीच व्यापार, स्वास्थ्य र शिक्षालाई सहकार्यका प्राथमिक क्षेत्रका रूपमा अघि बढाउनुपर्ने बताउनुमा जोड दिनुभएको मन्त्री खनालको निजी सचिवालयले जनाएको छ ।

परराष्ट्रमन्त्री खनालले लगानीका लागि नयाँ-नयाँ क्षेत्र पहिचान गर्न आवश्यक भएको बताउँदै ऊर्जा र उत्पादन क्षेत्रसँगै पारस्परिक सहकार्यका अन्य क्षेत्रमा पनि साझेदारी विस्तार गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले शिक्षा क्षेत्रमा दुई देशका अनुसन्धान संस्थाबीच सहकार्य अभिवृद्धि गर्नुपर्नेमा पनि जोड दिँदै दक्षिण कोरियाको रोजगार अनुमति प्रणाली (इपीएस) नेपाल-कोरिया सम्बन्धको नमूना बनेको बताउनुभयो । यसबाट दुई देशका जनताबीचको सम्बन्धलाई अझ सुदृढ बनेको परराष्ट्रमन्त्रीको कथन थियो ।

राजदूत पार्कले नेपालमा सेवा गर्ने अवसर पाएकोमा खुसी व्यक्त गर्दै आफू जहाँ रहे पनि नेपाललाई कहिल्यै नबिर्सने बताउनुभयो । उहाँले नेपालको सांस्कृतिक विविधताको प्रशंसा गर्नुभयो ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, कास्की**

### एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ निवासी भारतीय भू.पु.सै.नं. ६५४७३, हवल्दार ६ आसम राईफलका खड्ग बहादुर घर्ती मगर को श्रीमती पार्वती घर्ती मगरको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर पार्वती घर्ती मगर जन्म मिति वि.स.२०२४/०८/०४ तदानुसार ई.स. १९६७-११-२० भएको र पेन्सन अभिलेखमा नामथर पार्वती थापा, जन्म मिति ई.स. १९६६-०१-२९ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको व्यहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १४ नं. वडा कार्यालयको च.नं. १५१ मिति २०८३/०४/११ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

| क्र.सं. | नेपाली नागरिकता प्रमाणपत्रमा नामथर | भारतीय पेन्स अभिलेखमा नामथर | नाता | कैफियत |
|---|---|---|---|---|
| १ | खड्ग बहादुर घर्ति मगर | खर्क बहादुर थापा | पेन्सनर | नाम थर फरक भए पनि एउटै व्यक्ति |
| २ | पार्वती घर्ति मगर | पार्वती थापा | श्रीमती | |

**प्रमुख जिल्ला अधिकारी**

### एउटै व्यक्ति भएको सूचना



गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं. ०५, निवासी भारतीय भू.पू. सै.नं JC- 612478F SUB का प्रेम बहादुर तमाङको श्रीमतीको यस कार्यालयबाट जारी नागरिकता नं. २/७२४ मा निजको नामथर SUK MAYA TAMANG, जन्ममिति 1964 Aug 01 उल्लेख भएको र निजको भारतीय पेन्सन भू.पू. सै.नं JC-612478F मा श्रीमतीको नामथर SUKH MAYA GURUNG, जन्ममिति 1964 Feb 06, भई नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति फरक फरक नभई एउटै भएको हुँदा सोको व्यहोरा प्रमाणित गरिदिनका लागि यस कार्यालयमा निवेदन पेश भएको साथै ०५ नं वडा कार्यालय, पालुङटार नगरपालिका च.नं ०९, मिति २०८३/०४/०६ गतेको सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, गोरखा**

### एउटै व्यक्ति भएको सूचना



पर्वत जिल्ला आरथरडाडाखर्क गा.वि.स.वडा नं ६ बस्ने कुलवहादुर गुरुङ्गको पत्नी रुकमणि गुरुङ्गको नागरिकता प्रमाण पत्रमा जन्म मिति २०१३।३।१० भएको र निजका पतिले भारतको ४/४ जि.आर.भू.पू.जे.सी.नं.६१२०२७ को ह.क्या. पदमा नोकरी गरेको पेन्सन अभिलेखमा पत्नीको रुकमणी गुरुङ्गको जन्म मिति २०१४।२।१ अर्थात सन् १९५७।५।१४) भै फरक परेको भएता पनि यी दुवै जन्म मिति भएकी निम्न फोटो प्रमाणित एउटै भएको भनि उक्त गा.वि.स.को मिति २०६६।११।१९ को पत्रवाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

# तीन अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थालाई स्पष्टीकरण सोध्न समितिको निर्देशन

**रासस**
काठमाडौं, २० साउन

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले नेपालको न्यायालयको स्वतन्त्रताबारे सार्वजनिक वक्तव्य दिने तीन अन्तरराष्ट्रिय संस्थालाई स्पष्टीकरण सोध्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको आजको बैठकले एम्नेस्टी इन्टरनेसनल, कमिसन अफ ज्युरिस्ट्स र ह्युमन राइट्स वाचले नेपालको न्यायपालिका तथा सार्वभौमसत्तासँग सम्बन्धित विषयमान्यायिकअधिकारक्षेत्रसम्बन्धी अधिकारसमेतका सम्बन्धमा यही साउन ८ गते संयुक्त विज्ञप्ति प्रकाशन गरेको विषयमा स्पष्टीकरण सोध्न निर्देशन दिने निर्णय गरेको हो । सो विज्ञप्तिबारे सम्बन्धित संस्थाहरूबाट आधिकारिक प्रमाणसहित स्पष्टीकरण माग्न समितिले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई भनेको हो । समितिले स्वतन्त्र न्यायपालिकाको मर्म, शक्ति पृथकीकरणको सिद्धान्त तथा सुशासनको मान्यताअनुसार न्याय प्रशासनलाई अझ पारदर्शी उत्तरदायी र सेवामैत्री बनाउन आवश्यक पहल गर्न सरकारलाई सुझाव दिएको छ । साथै, आगामी बैठकहरूमा पनि यस विषयमा थप छलफल गर्ने निर्णय गरिएको छ । समितिले समाज कल्याण परिषद् ऐन, २०४९, समाज कल्याण नियमावली, २०४९ तथा प्रचलित कानुनबमोजिम मन्त्रालय एवं समाज कल्याण परिषद्बाट स्वीकृत हुने गैरसरकारी संस्थासँगको परियोजना सम्झौताको कार्यान्वयनलाई थप व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन पनि निर्देश गरेको छ । गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले परियोजना सम्झौताअनुसार स्वीकृत उद्देश्य र गतिविधि कार्यान्वयन गरे-नगरेको विषयमा सूक्ष्म, प्रभावकारी र नियमित अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्न पनि समितिले सरकारलाई सुझाव दिएको छ ।बैठकमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतम, सांसद र कानुन विज्ञसँग छलफलपछि उक्त निर्देशन दिइएको हो ।

# आर्थिक रूपान्तरणमा राष्ट्र बैंकको सक्रिय भूमिका आवश्यक छ: अर्थमन्त्री वाग्ले

**रासस**
काठमाडौं, २० साउन

अर्थमन्त्री स्वर्णीम वाग्लेले नेपाल राष्ट्र बैंकलाई केवल नियामक संस्थाका रूपमा नभई नेपालको आर्थिक रूपान्तरणको सहयात्री र सहनिर्माताका रूपमा अघि बढ्नुपर्ने बताउनुभएको छ ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरूसँग बुधबार अर्थ मन्त्रालयमा भएको छलफलमा राष्ट्र बैंकले नियामक निकायको भूमिकासँगै मुलुकको आर्थिक रूपान्तरणमा सक्रिय साझेदारको भूमिका निर्वाह गर्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

"आजको छलफल कुनै औपचारिक टिप्पणीमा सीमित रहने छैन । यहाँ उठेका प्रत्येक विषयलाई कार्ययोजनामा रूपान्तरण गरिनेछ । आवश्यक परे संयुक्त कार्यदल बनाउनेछौँ, नीतिगत समन्वयलाई संस्थागत गर्नेछौँ र निर्णय प्रक्रियालाई अझ छरितो बनाउनेछौँ," उहाँलेभन्नुभयो, "हामीसँग अहिले दुर्लभ अवसर छ । सुधारको राजनीतिक इच्छाशक्ति छ । आर्थिक स्थायित्वको आधार बनेको छ । निजी क्षेत्र अवसरका लागि तयार छ । अब राज्यका संस्थाहरूले पनि एउटै आत्मविश्वास, एउटै स्पष्टता र एउटै गतिका साथ अघि बढ्नुपर्छ । यदि सरकार, नेपाल राष्ट्र बैंक, बैंकिङ क्षेत्र र निजी क्षेत्र एउटै दिशामा अघि बढे भने नेपालको आर्थिक रूपान्तरण केवल कल्पना रहने छैन, त्यो कार्यान्वयनको चरणमा प्रवेश गर्नेछ ।" अर्थमन्त्री वाग्लेले सरकारले घोषणा गरेका आर्थिक सुधारलाई सफल बनाउन नेपाल राष्ट्र बैंकले आवश्यक नीतिगत पहलका विषयमा सुझाव दिन कार्यकारी निर्देशकहरूलाई आग्रह गर्नुभयो ।

### एउटै व्यक्ति भएको सूचना




गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं. ०५, निवासी भारतीय भू.पू.सै.नं ५७५०१४०K TS-NAIK का काजिमान तमाङको र निजको परिवारको सदस्यको भारतीय सेवा अभिलेखमा कायम गरेको नामथर तथा जन्म मिति र निजहरुको नेपाली नागरिकताको प्रमाणपत्रमा रहेको नामथर तथा जन्ममिति फरक परेता पनि तपशिल बमोजिम नामथर गरेको व्यक्ति एउटै भएको हुँदा सोको व्यहोरा प्रमाणित गरिदिनका लागि यस कार्यालयमा निवेदन पेश भएको साथै ०५ नं वडा कार्यालय, पालुङटार नगरपालिकाको च.नं ३१, मिति २०८३/०४/१२ गतेको सिफारिस पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ ।

तपसिल:

| क्र.स. | नेपाली नागरिकतामा भएको | | पेन्सनरसँग | भारतीय सेवा अभिलेखमा भएको | |
|---|---|---|---|---|---|
| | नामथर | जन्ममिति | नाता | नामथर | जन्ममिति |
| १ | काजिमान तमाङ | २०१७/०१/२५ ई.सं. १९६०/०५/०७ | पेन्सनर | Kaji Man Gurung | 1961/05/09 |
| २ | लैरानी तमाङ | २०२३/०८/१३ ई.सं. १९६६/११/२८ | श्रीमती | Laie Rani Gurungseni | 1966/11/25 |

**जिल्ला प्रशासन कार्यालय, गोरखा**

### एउटै व्यक्ति भएको सूचना




गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं. ०५, निवासी भारतीय भू.पू.सै.नं ५३४५६७०F NK का कन्चन तमाङको र निजको श्रीमती विमला तमाङको नेपाली नागरिकता प्रमाण-पत्र र भारतीय सेवा अभिलेखमा नामथर र जन्ममिति फरक परेता पनि तपशिल बमोजिम नामथर र जन्ममिति भएको व्यक्ति फरक फरक नभई एउटै भएको हुँदा सोको व्यहोरा प्रमाणित गरिदिनका लागि यस कार्यालयमा निवेदन पेश भएको साथै ०५ नं वडा कार्यालय, पालुङटार नगरपालिका च.नं ३४, मिति २०८३/०४/११ गतेको सिफारिस पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ ।

तपसिलः

| क्र. स. | नेपाली नागरिकतामा भएको नामथर | भारतीय सेना अभिलेखमा भएको नामथर | नेपाली नागरिकतामा भएको जन्ममिति | भारतीय सेना अभिलेखमा भएको जन्ममिति | नाता |
|---|---|---|---|---|---|
| १ | कन्चन तमाङ | Kanchan Bahadur Gurung | २०२३/०२/०१) ई.स १९६६/०५/१४ | १९६७/१०/०४ | पेन्सनर |
| २ | विमला तमाङ | Bimal Devi Gurung | २०२८/०९/११ ई.स. १९७१/१२/२६ | १९७१/११/२९ | श्रीमती |

**जिल्ला प्रशासन कार्यालय, गोरखा**

### एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा चापाकोट नगरपालिका वडा नं ०४ निवासी भारतीय भू.पू. सैनिक नं ५७४९७०४ का लेस नायक केशर बहादुर थापाको र निजको श्रीमतीको तपशिल बमोजिमको विवरण फरक परेकोले फरक फरक विवरण भएतापनि व्यक्ति एउटै हो भनी सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं ५४ मिति २०८३/०४/१९ को पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ ।

तपसिल:

| क्र.सं | ना.प्र.मा नाम थर | नाता | सैनिक अभिलेखमा नामथर | ना.प्र.मा जन्म मिति (वि.सं.) | सैनिक अभिलेखमा जन्म मिति (ई.सं.) |
|---|---|---|---|---|---|
| १ | केशर बहादुर शाही | पेन्सनर | केशर बहादुर थापा | २०१८/०३/१७ | १९६१ जनवरी ३० |
| २ | कमला कुमारी शाही | श्रीमती | कमला कुमारी थापा | २०२१/०६/१५ | १९६४ सेप्टेम्बर १९ |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

# भूमिगत विद्युतीय तारबाट 'लाइन' जोड्न थालियो

रासस
चितवन, २० साउन

नेपाल विद्युत् प्राधिकरणअन्तर्गतको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले भरतपुरमा ग्राहककामा विद्युत लाइन जोड्न थालनी गरेको छ । मङ्गलबारबाट भूमिगत लाइनमा चार्जिङको काम सुरु गरिएको थियो । आयोजनाले भरतपुरमा तीन सय सेवाग्राहिको घरमा लाइन जोडिसकेको छ । आयोजनाले अहिलेसम्म ९४ प्रतिशत काम सकिसकेको जनाएको छ । ग्राहकको घरमा लाइन जडानको काममात्र बाँकी रहेको छ । आयोजनाका प्रमुख इन्जिनियर आनन्द सुवेदीका अनुसार सेवाग्राहिका घरमा जडान गर्ने कामसमेत तीव्र पारिएको छ । उहाँले भन्नुभयो, "अहिलेसम्म तीन सय जना ग्राहकको घरमा भूमिगत प्रक्रियाबाट लाइन जडानको काम सकिएको छ ।"

भरतपुर महानगरपालिकाको छ लेन सडक र वाइपास सडकको २० किलोमिटर क्षेत्रफलमा भूमिगत पद्धतिबाट लाइन प्रसारण गरिने छ । यसमा एक हजार ३०० ग्राहककोमा भूमिगत विद्युतीकरणबाट विद्युत् वितरण गरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "ग्राहकको घरघरमा भूमिगत विद्युतीकरणबाट लाइन पुर्‍याएका छौँ, अब जडानको काम बाँकी छ ।" अहिले केन्द्रीय बस ट्र्मिनलबाट नहरचोकसम्म दाहिनेतर्फका घरहरू, गणेशस्थान क्षेत्र र चितवन मेडिकल कलेजबाट चौबिसकोठी क्षेत्रमा रहेका घरहरूमा भूमिगत विद्युतीकरणबाट विद्युत् वितरण गरिएको उहाँले जानकारी दिनुभयो । आँपटारीदेखि केन्द्रीय बस ट्र्मिनल, केन्द्रीय बस ट्र्मिनलदेखि पुलचोक, आँपटारीदेखि पोखरा बसपार्क र भरतपुर सबस्टेशनदेखि भाटभटेनी आडको नहरसम्म विद्युतीय तार भूमिगत गर्ने क्रम सम्पन्न भएको छ । सुवेदीका अनुसार अहिले परीक्षणका लागि बिजुली पास नहुनेगरी लोर्डमा चार्ज गर्ने कामहरू भइरहेको छ । बाइपास रोडको दुवैतर्फ गरेर नौ किलोमिटर, केन्द्रीय बस ट्र्मिनलदेखि पुलचोकको दुवैतर्फ आठ किलोमिटरमा ३३ केभी, आँपटारीदेखि पोखरा बसपार्क एकतर्फ १.५ किलोमिटर ११ केभी र केन्द्रीय बस ट्र्मिनलदेखि मिलनचोकसम्म १.५ किलोमिटर क्षेत्रफलमा एकतर्फी ३३ केभी लाइन भूमिगत रूपमा विस्तारको काम सकिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार असोजसम्ममाभूमिगतविद्युतीकरणबाट विद्युत् पुर्‍याउने काम सम्पन्न हुनेगरी कामलाई अघि बढाइएको छ । उहाँले भन्नुभयो, "विद्युतीकरणका लागि आवश्यक काम सकिए पनि मौसमका कारण काममा कठिनाइ भएको हो ।"

कतिपय स्थानमा परीक्षण गर्ने क्रममा समस्या देखिने गरेको जनाउँदै उहाँले सामान्य कामबाहेक सबै काम सकिएको जानकारी दिनुभयो । आज औद्योगिक फिडरको लाइनमा चार्ज गरिनेछ। ठेकेदार कम्पनीको तेस्रोपटक थप गरिएको समयसमेत सकिएकाले चौथोपटक म्याद थपका लागि पत्र आएको उहाँले जानकारी दिनुभयो । यस विषयमा कति म्याद थप गर्ने भन्ने निर्णय नभएको उहाँको भनाइ छ । परियोजना भारतको टाटा प्रोजेक्टले सन् २०२४ को जनवरी १९ मा सक्नेगरी सन् २०२२ जनवरी २० मा ठेक्का सम्झौता गरिसकेको छ । भरतपुरको विद्युत् भूमिगत गर्नका लागि मात्र रु एक अर्ब ४० करोड बजेट विनियोजन भएको उहाँले बताउनुभयो । बजेट बढेसँगै काम गर्ने क्षेत्र पनि विस्तार गरिएको थियो । आँपटारीदेखि पोखरा बसपार्क र भरतपुर सबस्टेशनदेखि भाटभटेनीनजिकरहेकोनहरसम्मको क्षेत्रफल पछि थप गरिएको हो । पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण परियोजना नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरण र एसियाली विकास बैंकको साझेदारीमा रु तीन अर्ब हाराहारीमा काम भइरहेको उहाँले बताउनुभयो ।

# राष्ट्रिय कृषि नीति, २०८३ जारी

रासस
काठमाडौं, २० साउन

कृषि, वन तथा पर्यावरण मन्त्रालयले नेपालको कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक, प्रतिस्पर्धी तथा आत्मनिर्भर बनाउने लक्ष्यसहित राष्ट्रिय कृषि नीति, २०८३ जारी गरेको छ ।

सङ्घीय शासन प्रणालीअनुरूप तयार गरिएको उक्त नीतिले खाद्य सुरक्षा, खाद्य सम्प्रभुता, कृषकको आय अभिवृद्धि, कृषि उत्पादन वृद्धि, आयात प्रतिस्थापन तथा कृषि निर्यात प्रवर्द्धनलाई मुख्य प्राथमिकतामा राखेको छ । उक्त नीतिकाबारे आफ्नो धारणा राख्दै कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले कृषि क्षेत्रका विद्यमान चुनौतीलाई सम्बोधन गर्दै दिगो र उत्पादनमुखी कृषि प्रणाली निर्माण गर्ने उद्देश्यले नीति ल्याइएको बताउनुभयो । नीतिले भूमि खण्डीकरण, बाँझो जमिनको वृद्धि, सिँचाइ तथा भण्डारण पूर्वाधारको अभाव, युवा पलायन, जलवायु परिवर्तनको प्रभाव, न्यून उत्पादकत्व तथा बढ्दो आयात निर्भरताजस्ता समस्याको समाधानका लागि स्पष्ट नीतिगत व्यवस्था गरेको छ । नीतिमा आधारभूत खाद्यवस्तुमा आत्मनिर्भरता हासिल गर्ने, कृषि व्यवसायीकरण तथा औद्योगिकीकरणलाई प्रवर्द्धन गर्ने, उत्पादनको ब्रान्डिङ गरी अन्तरराष्ट्रिय बजार विस्तार गरिने उल्लेख छ । जैविक विविधताको संरक्षण गर्ने, वातावरणमैत्री कृषिप्रणाली विकास गर्ने तथा डिजिटल कृषि प्रविधि, स्थानीय ज्ञान र नवप्रवर्तनलाई कृषि विकाससँग जोड्ने व्यवस्था नीतिमा छ । उत्पादन तथा उत्पादकत्व वृद्धि, समावेशी कृषि यान्त्रिकीकरण, भूमि संरक्षण तथा सदुपयोग, कृषि अनुसन्धान तथा प्रविधि विस्तार, न्यूनतम समर्थन मूल्य, कृषि बिमा, सहुलियतपूर्ण कृषि ऋण, खाद्य स्वच्छता तथा पोषण सुरक्षालगायत विषयलाई नीतिले प्राथमिकतामा राखेको छ । कृषि बजार तथा उद्योग विकास, निजी क्षेत्र र सहकारीको लगानी प्रवर्द्धन, माटो स्वास्थ्य व्यवस्थापन, जलवायु अनुकूलन, कृषि तथ्याङ्क प्रणाली सुदृढीकरण तथा कृषिलाई सम्मानित पेसाका रूपमा स्थापित गर्ने विषयलाई नीतिमा प्राथमिकता दिइएको छ । नीति कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, आवश्यक कानुनी तथा संस्थागत व्यवस्था, पर्याप्त वित्तीय स्रोत परिचालन, निजी क्षेत्रको सहभागिता तथा नियमित अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले राष्ट्रिय कृषि नीति, २०८३ को प्रभावकारी कार्यान्वयनबाट खाद्य आत्मनिर्भरता, रोजगारी सृजना, आयात प्रतिस्थापन, कृषि निर्यात अभिवृद्धि तथा समृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छ ।

# दुई दशकमा एक हजार पाँच सय योग शिक्षक

रासस
काठमाडौं, २० साउन

पतञ्जली योग समिति, मकवानपुरले दुई दशकको अन्तरालमा एक हजार ५०० योग शिक्षक तयार गरेको छ ।

योगका माध्यमबाट स्वास्थ्य प्रवर्द्धन, चरित्र निर्माण र आरोग्यतासँगै राष्ट्र निर्माणमा योगदान गर्ने उद्देश्यले योग शिक्षक तयार पारिएको पतञ्जली योग समितिका अध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो । पतञ्जली योग समितिको स्थापना २०६४ साल साउन ४ गते भएको हो ।

जिल्लामा महिला पतञ्जली योग समिति र पतञ्जली योग युवा समितिसमेत क्रियाशील छन् । योगगुरुले विभिन्न स्थानमा पुगी योग साधनाका बारेमा प्रशिक्षण दिने व्यवस्था छ । "जिल्लामा योग साधनाप्रति आकर्षण बढ्दो क्रममा छ", थापाले भन्नुभयो, "वार्षिक कार्यक्रमका साथ समय समयमा बृहत् योग शिविर, मझौला योग शिविरका साथै साना योग शिविर पनि सञ्चालन गरिरहेका छौँ ।" जिल्लाका ४६ ठाउँमा योग साधना केन्द्र छन् । हाल ३५ स्थानमा सक्रियतापूर्वक नियमित योग साधना सञ्चालन भइरहेको छ । साधनामा युवालाई थप आकर्षण गर्न सकिएको छैन । जिल्लाका सात स्थानमा बाल संस्कार सेवा कार्यक्रम सञ्चालन भएको छ ।

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक दग्नाम गा.वि.स. वडा नं. ५ हाल रघुगंगा गाउँपालिका वडा नं. ४ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५२४२८७७F, हनेरी नायव सुवेदार जस बहादुर पुनको श्रीमती चन्नी पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर चन्नी गर्बुजा पुन र जन्ममिति वि.सं. २०२३/०७/१५ (ई.सं. १९६६/१०/३१) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर चन्नी पुन र जन्ममिति ई.सं. १९६७/०५/२५ उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित रघुगंगा गाउँपालिका ४. नं. वडा कार्यालयको च.नं. ३६, मिति २०८३/०४/१९ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला दग्नाम गा.वि.स. वडा नं. ५ बस्ने भारतीय सेनाको भू.पू. सैनिक नं. ५२४२८७७ F का श्री जस बहादुर पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर जस बहादुर गर्बुजा जन्ममिति बि.सं. २०१५।०६।१५ तअनुसार सन् १९५८।१०।०१ उल्लेख भएको र आर्मी रेकर्ड/डिस्चार्ज सर्टिफिकेट/पेन्सन पट्टामा नामथर जस बहादुर पुन जन्ममिति सन् १९५८/०७/०१ उल्लेख भै नामथर र जन्ममिति फरक परेता पनि ब्यक्ति एउटै भएको भनि सम्बन्धित दग्नाम गा.वि.स.को कार्यालयको च.नं. २८१ मिति २०७३।०२।३० को पत्रवाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

## एउटै व्यक्ति भएको सूचना

म्याग्दी जिल्ला साविक दग्नाम गा.वि.स. वडा नं. ५ हाल रघुगंगा गाउँपालिका वडा नं. ४ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५२४२८७७F, हनेरी नायव सुवेदार जस बहादुर पुनको छोरी जनी कुमारी पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर जोनी गर्बुजा पुन र जन्ममिति वि.सं. २०४७/०७/०९ (ई.सं. १९९०/१०/२६) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा छोरीको नामथर जनी कुमारी पुन र जन्ममिति २०४७/०७/०४ (ई.सं. १९९०/१०/२१) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित रघुगंगा गाउँपालिका ४ नं. वडा कार्यालयको च.नं. २८, मिति २०८३/०४/१८ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

## एउटै व्यक्ति भएको सूचना

म्याग्दी जिल्ला साविक दग्नाम गा.वि.स. वडा नं. ५ हाल रघुगंगा गाउँपालिका वडा नं. ४ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५२४२८७७F, हनेरी नायव सुवेदार जस बहादुर पुनको छोरा गणेश पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर गणेश गर्बुजा उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा छोराको नामथर गणेश पुन उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित रघुगंगा गाउँपालिका ४ नं. वडा कार्यालयको च.नं. २७, मिति २०८३/०४/१८ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

## एउटै व्यक्ति भएको सूचना

म्याग्दी जिल्ला साविक दग्नाम गा.वि.स. वडा नं. ५ हाल रघुगंगा गाउँपालिका वडा नं. ४ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५२४२८७७F, हनेरी नायव सुवेदार जस बहादुर पुनको छोरा तिर्थ बहादुर पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर तिर्थ गर्बुजा उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा छोराको नामथर तिर्थ बहादुर पुन उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित रघुगंगा गाउँपालिका ४ नं. वडा कार्यालयको च.नं. २९, मिति २०८३/०४/१८ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

## एउटै व्यक्ति भएको सूचना



यस जिल्लास्थित साविक आर्थरडाँडाखर्क गा.वि.स. वडा नं. ६ हाल कुश्मा नगरपालिका वडा नं. १४ बस्ने भारतीय भू.पू. सैनिक पेन्सनर क्या. JC-612027F rank EX sub and honey Caption का कुल बहादुर गुरुङ्गको भारतीय पेन्सन अभिलेखमा पत्नीको नाम रुकमनी गरुङ Ruckmani Gurung र निजको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर Rukmani Gurung भई फरक परेतापनि Ruckmani Gurung र Rukmani Gurung एकै व्यक्ति भएको भनी कुश्मा नगरपालिका १४ नं. वडा कार्यालय, पर्वतको च.नं. २२९, मिति २०८१।०७।०५ को पत्रबाट सिफारिस भै आएको हुँदा सोही बेहोरा पेन्सन प्रयोजनको लागि लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ साविक रेश गा.वि.स. वडा नं. ३ निवासी भारतीय सैनिक नं. ५७४९५७९ W नायक TS पल्टन ३/८ GR का धन बहादुर थापाको श्रीमती नेपाली नागरिकताको प्रमाणपत्र नं. २८० जारी मिति २०४६/०७/२७ मा नाम थर तिला वति थापा र जन्म मिति वि.सं. २०१९/०१/१५ (ई.सं. १९६२/०४/२७) भएको र निजको पतिको भारतिय पेन्सन रेकर्डमा निजको नाम थर तिल माया र जन्म मिति वि.सं. २०१९/०१/२३ (ई.सं. १९६२/०५/०५) भै फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. ६५, मिति २०८३/०४/१४ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## ३५ दिने हकदाबी सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२१ गते)

यस संस्थाका सदस्य श्री/श्रीमती नर बहादुर गुरुङ/ढाका मोहनी गुरुङ, सदस्य नं ००२५८३, ठेगाना पोखरा १३ बाझापाटन, को मिति २०७८/११/१५ र २०७४/१२/०५ मा निधन भएको जानकारी प्राप्त भएको छ । निज सदस्यहरुको नाममा यस संस्थामा रहेको शेयर, बचत, निक्षेप, लाभांश तथा अन्य कुनै हक वा दायित्व सम्बन्धमा कानुनी हकदाबी गर्ने हकवालाहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र देहायका आवश्यक कागजातसहित यस संस्थाको कार्यालयमा लिखित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरू:**

१, हकदाबी निवेदन ।
२, मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३, नाता प्रमाणित प्रमाणपत्र ।
४, नेपाली नागरिकताको प्रतिलिपि ।
५, अन्य आवश्यक प्रमाण तथा सहकारीले माग गरेका कागजातहरू ।

निर्धारित ३५ दिनभित्र कुनै हकदाबी प्राप्त नभएमा वा प्राप्त भएका दाबीहरू प्रचलित कानुनबमोजिम पुष्टि हुन नसकेमा, सहकारी संस्थाको नियमावली, विनियम तथा प्रचलित सहकारी कानुनबमोजिम आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३, कास्की, फोन नं. ०६१-५८५७९५, ०६१-५७६९८८, ०६१-५८०५६७